



राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY



**सूचना**

भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार गर्ने संस्कृतिको विकास गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



वर्ष-१२ ।। अङ्क : १११ ॥ २०७७ श्रावण ३१ शनिबार (15th Aug. 2020, Saturday) **Pratidin** National Daily मूल्य-रु.५/-


## विद्युत प्राधिकरणका ५ कर्मचारीसहित १० जनालाई कोरोना

***दमक (प्रस)*** / नेपाल विद्युत प्राधिकरण दमकका पाँच कर्मचारीसहित दमकका ७ जनालाई शुक्रबार कोरोना संक्रमण पुष्टि भएको छ ।

दमकमा एकैपटक यतिका संख्यामा पहिलोपटक संक्रमण देखिएको हो ।दमक नगरपालिका स्वास्थ्य शाखाका अनुसार संक्रमितमध्ये पाँचजना नेपाल विद्युत प्राधिकरण दमक वितरण केन्द्रमा कार्यरत कर्मचारी रहेका छन् । ती कर्मचारीमध्ये एक महिला रहेकी छन् । कोरोनाको हटस्पट बनेको विराटनगर आवतजावत गरेका कारण प्राधिकरणका कर्मचारीमा संक्रमण फैलिएको हुनसक्ने आशंका गरिएको छ ।त्यस्तै दमक ७ की एक किशोरीमा संक्रमण देखिएको छ । दमक नगरपालिकाका स्वास्थ्य शाखाका अधिकृत नगेन्द्र भट्टराईका अनुसार १६ वर्षिया ती किशोरी भारतबाट फर्केर होम क्वारेन्टाइनमा बसेकी थिइन् । त्यस्तै उपचारका लागि धुलिखेल गएका दमक ५ का एक पुरुषमा पनि संक्रमण देखिएको शाखा अधिकृत भट्टराईले बताए । गत बुधबार १०७ जनाको मास टेस्टिङ गरी पिसिआर परीक्षण गर्दा ती ६ जनाको रिपोर्ट पोजेटिभ आएको उनले जानकारी दिए । विराटनगरको प्रादेशिक प्रयोगशालामा गरिएको परीक्षणमा बाँकी अन्यको रिपोर्ट भने नेगेटिभ आएको छ ।

दमकमा बिहीबार गरिएको अझै २ सय जनाको पिसिआर परीक्षणको रिपोर्ट आउन बाँकी रहेको जनाईएको छ ।

**दमकमा आंशिक लकडाउन**

कोरोना भाइरस समुदायस्तरमा संक्रमण फैलिन सक्ने जोखिम भएको भन्दै दमक नगरपालिकाले शुक्रवारदेखि आंशिक लकडाउन गरेको छ ।कोरोना भाइरस रोकथाम तथा नियन्त्रण समन्वय समितिको बैठकले नगरभित्र जोखिम नियन्त्रणका लागि शुक्रबारदेखि दमक प्रवेशमा कडाई गर्नुका साथै पसलहरु समेत निश्चित समयसम्म मात्र खोल्न पाउने निर्णय गरेको छ । नगरपालिकाकी प्रवक्ता तथा उपमेयर गीता अधिकारीले विज्ञप्ति निकालेर नगरभित्र हुन सक्ने जोखिम नियन्त्रणका लागि विभिन्न निर्णयहरु गरिएको उल्लेख छ । जसअनुसार दैनिक सञ्चालनमा आएका औषधी पसलवाहेक अन्य पसल तथा व्यवसायहरु विहान ८ वजेदेखि अपरान्ह ४ वजेसम्म मात्र खुलाउने निर्णय गरिएको छ । आफ्ना व्यवसाय सञ्चालन गर्दा व्यवसायी तथा उपभोक्तालाई स्वास्थ्य सुरक्षा अपनाउन आग्रह गरिएको छ ।

त्यस्तै बैक तथा वित्तीय संस्थाहरुले आलोपालो गरी कारोवार सञ्चालन गर्ने, विहान र राति अनावश्यक हिडडुलमा कडाई गरिने, चाडपर्व ,नाचगान, मेलापात, गोष्ठी ,सभा समारोह लगायतका भीडभाड हुने कार्य भदौ मसान्तसम्म गर्न रोक लगाईएको विज्ञप्तिमा जनाईएको छ । त्यस्तै १० जनाभन्दा बढी भेला भएर कुनै कार्य गर्न,गराउन तथा मलामी जाँदा २५ जनाभन्दा बढी जान नपाईने,सिटी सफारीमा सवार हुँदा दुई जनाभन्दा बढी यात्रु राख्न नपाउने ,मोटरसाईकलमा एक जनाभन्दा बढी चढ्न पूर्णरुपले वन्देज लगाइएको छ । यसैगरी भदौ १५ सम्ममा बाहिरवाट अत्यावश्यक कामबाहेक कसैलाई पनि दमक आउन नपाउने तथा आउन परे वडा कार्यालयको सिफारिस अनिवार्य लिन लगाउने समेत निर्णय भएको छ ।

**बैक तथा वित्तीय संस्थाहरु 'आलोपालो'**

बैक तथा वित्तीय संस्थाहरुमा भीडभाड हुने र त्यसले जोखिम निम्त्याउन सक्ने भएकाले दमक नगरभित्रका बैक तथा वित्तीय संस्थाहरु आलोपालो गरी दैनिक कार्य सञ्चालनमा आएका छन् । नगरपालिकाले बढ्दो संक्रमण हुन नदिनका लागि शुक्रबारदेखि फेरि आलोपालो हुने गरी बैक तथा वित्तीय संस्थाहरु सञ्चालन गराउने निर्णय भएको नगरपालिकाकी प्रवक्ता तथा उपमेयर गीता अधिकारीले बताईन् । निर्णयसंगै अव बैक तथा वित्तीय संस्थाले अन्य दिन सरह खोल्न पाउने छैनन् ।

**कमल गाउँपालिका बन्द**

यसैबीच दमकसंग जोडिएको कमल गाउँपालिकासहित सातवटै वडा कार्यालयहरु शुक्रबारदेखि बन्द भएका छन् ।

गाउँपालिका कार्यालयसगै रहेको क्यान्टिन सञ्चालन गर्दै आएका ब्यक्तिहरु कोरोना संक्रमितको कन्ट्याक्ट ट्रेसिङमा परेकाले उनीहरुको पिसिआर परीक्षण गर्नुपर्ने हुँदा अर्को सूचना जारी नहुन्जेलसम्म सेवा बन्द गरिएको हो ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुवास श्रेष्ठद्वारा जारी गरिएको सर्कुलरमा कतिपय जनप्रतिनिधिहरुको समेत पिसिआर परीक्षण गर्नुपर्ने भएकाले ती रिपोर्टको नतिजा नआइन्जेल कार्यालयहरु समेत बन्द रहने उल्लेख छ ।

त्यस्तै,संक्रमणबाट जोगिन स्वास्थ्य सुरक्षाका उपायहरु पालना गर्न पनि वडाबासीहरुसंग आग्रह गरिएको छ । त्यस गाउँपालिकामा आंशिक लकडाउन छ । त्यसैगरी शिवसताक्षी नगरपालिकमा शुक्रबार एकजना संक्रमित थपिएका छन् । शिवसताक्षी ८ का २३ वर्षिय युवन भारतबाट फर्किएर क्वारेन्टाइनमा बसेका थिए । त्यस्तै भद्रपुरका थप दुईजना सशस्त्र प्रहरीमा कोरोना देखिएको छ । १३ जना सशस्त्र प्रहरी स्वाब संकलन गरी परीक्षण गर्दा ती दुईजनाको रिपोर्ट पोजिटिभ आएको हो । योसँगै झापामा कोरोना संक्रमितको सँखया ४२९ पुगेको छ । त्यसमध्ये ३७२ जना निको भएर घर फर्किएका छन् भने ५७ जना उपचाररत रहेको जिल्ला स्वास्थ्य कार्यालयका फोकल पर्सन जीवन चौलागाईले बताए ।

**प्रदेश १ मा थपिए ९५ संक्रमित**

प्रदेश १ मा शुक्रबार ९५ जना कोरोना संक्रमित थपिएका छन् । मोरङमा ६२, सुनसरीमा २२ र प्रदेश १ बाहिरका २ जनामा संक्रमण देखिएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मोरङको विराटनगरका १३ महिला र २० पुरुषमा संक्रमण पुष्टि भएको छ । यस्तै, रंगेलीमा ९ महिला र १९ पुरुष, सुन्दरहरैचाका १ पुरुषमा पनि संक्रमण पुष्टि भएको छ । यसैगरी, सुनसरीको दुहवीका २ महिला र ११ पुरुष, घुस्कीका ३ पुरुष, इटहरीका २ पुरुष, धरानका १ महिला र १ पुरुषमा पनि संक्रमण पुष्टि भएको छ । सुनसरीकै देवानगञ्जका १ पुरुष र रामधुनीका १ महिलामा संक्रमण पुष्टि भएको छ ।

प्रदेश १ बाहिरका सिरहा र धनुषाका १-१ पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । प्रदेश १ मा कोरोना संक्रमितको संख्या १ हजार ८ सय २१ पुगेको छ । प्रदेश १ बाट आज ३५ जना डिस्चार्ज भएका छन् । मेची अस्पताल झापाबाट १७, कोशी अस्पताल कोभिड १९ उपचार केन्द्रबाट १२ र वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानबाट ६ जना डिस्चार्ज भएका छन् । डिस्चार्ज भएकाहरु झापाका १५, मोरङका १४, इलामका ४ र सुनसरीका २ जना रहेका छन् । प्रदेश १ मा डिस्चार्ज हुनेको संख्या १ हजार ७५ पुगेको छ ।

### बीएण्डसीका विरामीको रिपोर्ट नेगेटिभ

***झापा (प्रस)*** / कोरोनासँग मिल्दोजुदो लक्षण भएको बीएण्डसी हस्पिटलका दुईजना विरामीको पिसिआर रिपोर्ट नेगेटिभ आएको छ । मेची प्रादेशिक अस्पताल भद्रपुरमा गरिएको पिसिआर परीक्षणमा दुवैको रिपोर्ट नेगेटिभ आएको हो । छाती दुख्ने समस्या लिएर झापा कनकाई नगरपालिका ३ का ४५ वर्षिय देवी बानियाँ तीन दिनअघि अस्पताल भर्ना भएका थिए । उनको उपचारका क्रममा शुक्रबार मृत्यु भएको हो । त्यस्तै छातीकै समस्या लिएर सप्तरी राजविराजका कामेश्वर ठाकुर करिव ५ दिनदेखि अस्पतालमा उपचाररत छन् । दुवैमा कोरोनाको आशंका गरी स्वाब परीक्षणका लागि भद्रपुर पठाइएको थियो । दुवैको रिपोर्ट नेगेटिभ आएको बीएण्डसीका जनसम्पर्क अधिकारी प्रमिश गिरीले बताए ।कोरोनाको आशंका गरिएको दुवैको स्वाब परीक्षण गर्दा नेगेटिभ आएको मेची पिसिआर ल्याबका फोकल पर्सन जितेन्द्र झाले पनि पुष्टि गरे । प्रादेशिक प्रयोगशालाले शुक्रबारदेखि मेची प्रादेशिक अस्पतालको पिसिआर रिपोर्टलाई मान्यता दिएको छ । गत सोमबारदेखि नै मेचीमा परीक्षण शुरु गरिएको थियो । मेचीको रिपोर्टलाई भेरिफिकेसनका लागि प्रादेशिक प्रयोगशाला पठाउने गरिएको थियो । झापाबाट पिसिआर परीक्षण शुरु भएसँगै परीक्षणको संख्या पनि बढेको छ । यसअघि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, कोशी अस्पताल र प्रदेश प्रयोगशाला विराटनगरबाट पिसिआर परीक्षण हुँदै आएको छ । प्रदेश १ मा शुक्रबार २ हजार २ सय ५ जनाको पिसिआर परीक्षण गरिएको छ । परीक्षण गरिएकामध्ये २८ महिला र ६७ पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

## बिर्तामोडमा उत्पादित फूलले बजार पाउने आश

❖मनिषा चम्लागाई / झापा



झापा बिर्तामोडका महिलाले चाडपर्वलाई लक्षित गरी सयपत्री फूल लगाएका छन् । चाडपर्वमा फूलको माग बढ्ने हुँदा विगत ३ वर्षदेखि फूल खेती गर्दै आएका छन् । अन्य वर्षभन्दा यस वर्ष कोरोना कहरका कारण स्वदेशमै उत्पादित फूलले राम्रो बजार पाउने उनीहरुको बिश्वास छ । बिर्तामोड-४मा १ विगाह ५ कठ्ठा जग्गा भाडामा लिएर सयपत्री फूल खेती गरेको बिर्तामोडकी गोमा भट्टराईले बताइन् । 'अहिले फूल रोप्नका लागि आधुनिक प्रवृतिको ड्याङ बनाउन, उत्पादित सयपत्रीको बिरुवा बेच्न व्यस्त छौँ" उनले भनिन्, "आफैँले तयार पारेर रोपेको बिरुवा २ महिना पछि फुल्न थाल्छ ।"

उनीहरुले गत वर्ष नै फूल खेतीसम्बन्धी तालिम लिएरै काम सुरु गरेका हुन् । उनीहरु आफूलाई आवश्यक बिरुवा आफैँ उत्पादन गर्छन् । बिक्रीका लागि ५० हजार बिरुवा नर्सरी गरिएको भट्टराईले बताइन् । यस वर्ष उनीहरुले २० हजार बिरुवा लगाएका छन् । प्रत्येक बोटबाट औसतमा पाँचवटा माला उत्पादन हुने गरेको छ ।

आयआर्जनको प्रमुख स्रोत फूल खेती हुने कुरामा उनीहरु बिश्वस्त छन् । उनीहरु भन्छन् "तिहारमा सयपत्री फूलले राम्रो बजार पाउने भएपनि तिहार अघिदेखि नै फूलको माग हुने गर्छ, यस वर्ष कोरोना कहरका कारण हामीले उत्पादन गरेको फूल नै पहिलो प्राथमिकतामा पर्छ भन्ने कुरामा हामी बिश्वस्त छौँ ।" सयपत्री फूल खेतीका लागि ४ महिना खट्नसके राम्रो आम्दानी लिन सकिने उनीहरुको भनाइ छ । बीउ र भाडामा लिएको जग्गाको मूल्य जोड्दा वर्षमा १ लाख रुपैयाँसम्म खर्च हुने भट्टराईले जनाइन् । उनीहरुले कलकते लोकल जातको सयपत्री रोपेका छन् । झापाको मागलाई धान्न १५ विगाह क्षेत्रफलमा फूल खेती गर्न आवश्यक रहेको भट्टराईले जनाइन् ।

फूल खेतीमा ६ जना महिला अहोरात्र खटेका छन् । भट्टराईसँगै बिर्तामोडकै सुस्मा भण्डारी, नैनकला भट्टराई, यसोदा चापागाईं, सर्मिला अधिकारी र कञ्चना बरालको साझेदारी रहेको छ । उनीहरुले फूल रोप्ने समयमा २० देखि २५ जनालाई दैनिक ज्यालादारीमा रोजगारी दिने गरेका छन् । टिप्ने समयमा पनि केही कामदार आवश्यक पर्ने गर्छ । आफूले उत्पादन गरेको फूलले तिहारको समयमा बिर्तामोड बजारको मागलाई धान्न सक्ने नैनकला भट्टराई बताउँछिन् । विगतका वर्षमा उनीहरुले माला प्रतिगोटा ६० रुपैयाँका दरले बिक्री गरेका थिए । गड्यौला मलको प्रयोग गरेकाले फूल अर्गानिक हुने भट्टराईले सुनाइन् । चाडपर्वको समयमा बिर्तामोडमा बिक्री केन्द्र स्थापना गरेर फूल बेच्ने योजना उनीहरुले बनाएका छन् । उत्पादित फूलले बिर्तामोडको माग धान्नसक्ने उनीहरुको भनाइ छ ।

नेपाली बजारमा भारतको फूलले राम्रो पकड जमाउँदै आएको छ । नेपालमा व्यावसायिक फूल खेती गर्नेको संख्या कमै छ । तर, भारतमा भने अत्याधिक फूल उत्पादन हुने गर्दछ । जसका कारण भारतले तोकेको मूल्यमा नै फूल बिक्री गर्नु पर्ने बाध्यता रहेको फूल व्यवसायीको भनाइ छ ।

## कोटीहोममा रहेको ल्याब संचालनमा मुख्यमन्त्रीको चासो



***बिर्तामोड (प्रस)*** / झापा बिर्तामोडका महिलाले चाडपर्वलाई लक्षित गरी सयपत्री फूल लगाएका छन् । चाडपर्वमा फूलको माग बढ्ने हुँदा विगत ३ वर्षदेखि फूल खेती गर्दै आएका छन् । अन्य वर्षभन्दा यस वर्ष कोरोना कहरका कारण स्वदेशमै उत्पादित फूलले राम्रो बजार पाउने उनीहरुको बिश्वास छ । बिर्तामोड-४मा १ विगाह ५ कठ्ठा जग्गा भाडामा लिएर सयपत्री फूल खेती गरेको बिर्तामोडकी गोमा भट्टराईले बताइन् । 'अहिले फूल रोप्नका लागि आधुनिक प्रवृतिको ड्याङ बनाउन, उत्पादित सयपत्रीको बिरुवा बेच्न व्यस्त छौँ" उनले भनिन्, "आफैँले तयार पारेर रोपेको बिरुवा २ महिना पछि फुल्न थाल्छ ।"

उनीहरुले गत वर्ष नै फूल खेतीसम्बन्धी तालिम लिएरै काम सुरु गरेका हुन् । उनीहरु आफूलाई आवश्यक बिरुवा आफैँ उत्पादन गर्छन् । बिक्रीका लागि ५० हजार बिरुवा नर्सरी गरिएको भट्टराईले बताइन् । यस वर्ष उनीहरुले २० हजार बिरुवा लगाएका छन् । प्रत्येक बोटबाट औसतमा पाँचवटा माला उत्पादन हुने गरेको छ ।

आयआर्जनको प्रमुख स्रोत फूल खेती हुने कुरामा उनीहरु बिश्वस्त छन् । उनीहरु भन्छन् "तिहारमा सयपत्री फूलले राम्रो बजार पाउने भएपनि तिहार अघिदेखि नै

❖बाँकी पृष्ठ ३ मा

## कम्युनिष्टहरुका लागि मात्रै सरकारले काम गरिरहेको सिटौलाको आरोप



***दमक (प्रस)*** / नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले वर्तमान कम्युनिष्ट सरकारले नेपाली जनताको लागि नभई केवल कम्युनिष्टहरुका लागि मात्रै काम गरिरहेको आरोप लगाएका छन् ।

कोरोना महामारीपछि उत्पन्न परिस्थितिमा वर्तमान सरकार कम्युनिष्टहरुका लागि मात्रै भएको दृष्टान्त प्रस्तुत गर्दै नेता सिटौलाले कम्युनिष्टहरुको अधिनायकवादका विरुद्ध नेपाली जनताले कांग्रेसलाई सडकमा बोलाईरहेको जिकिर गरे । नेता सिटौला कमल गाउँपालिकामा पार्टीको गाउँ समितिले आयोजना गरेको नवप्रवेशीहरुको स्वागत तथा अगुवा कार्यकर्ताहरुको भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै थिए ।

कोरोना संक्रमणपछि घोषणा

❖बाँकी अन्तिम पृष्ठमा




# गौरीगञ्जमा सर्वसुलभ मूल्यमा पिसिआर



***दमक (प्रस)*** । भारतीय सीमावर्ती क्षेत्र झापाको गौरीगञ्ज गाउँपालिकामा कोरोना भाइरसको संक्रमण पहिचानका लागि सशुल्क पिसिआर परीक्षण गर्न थालिएको छ ।

गौरीगञ्जभित्रका क्वारेन्टाइनमा बसेका ३ जनासहित ५३ जना व्यापारी तथा ईच्छुक सर्वसाधारणको पिसिआर परीक्षणका लागि स्वाव संकलन गरिएको छ ।

उद्योग वाणिज्य संघ गौरीगञ्जको आयोजना र गौरीगञ्ज गाउँपालिकाको समन्वयमा बिहीबार व्यापारी र सर्वसाधारणको सशुल्कमा स्वाव संकलन गरिएको हो ।

उनीहरू सबैको संकलित स्वाव परीक्षणका लागि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा पठाईएको गौरीगंज स्वास्थ्य शाखा प्रमुख रामचन्द्र मिश्रले बताए । कोरोना भाईरसको महामारी समुदायस्तरमा फैलिरहेको अवस्थालाई मध्यनजर गर्दै गौरीगञ्जका व्यापारीसहित ईच्छुक सर्वसाधारणलाई सर्वसुलभ दरमा परीक्षण गर्न शुरू गरिएको उद्योग वाणिज्य संघ गौरीगञ्जका अध्यक्ष मखना महतोले बताए ।

समुदायस्तरमा कोरोनाको संक्रमण नफैलियोस् भन्ने उद्देश्यले कोरोना भाईरसको पिसिआर परीक्षण गर्दा कम्तिमा १५ हजार रूपैयाँ खर्च हुने भए पनि गौरीगञ्ज गाउँपालिकाभित्रका व्यापारीलाई ५ सय र इच्छुक सर्वसाधारणलाई २ सय ५० रूपैयाँमा पिसिआर गरिएको वाणिज्य संघ अध्यक्ष महतोले बताए ।

स्वाव संकलन कार्यमा खटिने स्वास्थ्यकर्मी, परीक्षण कार्यमा गाउँपालिकाले समन्वय गर्ने र भिटिएमको व्यवस्थापन वाणिज्य संघले गर्नेगरी व्यवस्थापन गरिएको उनले जानकारी दिए । भारतीय सीमासंग जोडिएको गौरीगञ्जमा कोरोना भाईरसको उच्च जोखिम रहेको छ ।

# मल आपूर्तिमा सैलुङले गर्‍यो बेइमानी

***झापा (प्रस)*** । रासायनिक मल आपूर्तिको जिम्मा पाएका कम्पनीहरूको ढिलाइका कारण किसानले मल पाउन सकेका छैनन्।

सरकारी स्वामित्वको कृषि सामग्री कम्पनी लिमिटेडले ५० हजार टन युरिया मल आयात गर्न गत वैशाख १५ मा आपूर्तिकर्तासँग सम्झौता गरेपनि अझै आइपुगेको छैन ।



कम्पनीले सैलुङ ग्रुप अफ कम्पनीअन्तर्गत सञ्चालित सैलुङ इन्टरप्राइजेजलाई २५ हजार टन युरिया आपूर्तिको जिम्मा दिएको थियो। सोही दिन होनिको मल्टिपलले पनि २५ हजार टन मल आपूर्तिको ठेक्का पाएको थियो। ठेक्का पाएको १ सय १७ दिनभित्र ल्याइसक्नुपर्ने सम्झौता भएपनि अझैं टुंगो लागेको छैन। सैलुङ ग्रुप अफ कम्पनीका अध्यक्ष शारदाप्रसाद अधिकारी हुन्। उनी सत्तारुढ दल नेकपा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' का घरबेटी हुन्। सैलुङ ग्रुपअन्तर्गतको सैलुङ कन्स्ट्रक्सन निर्माण क्षेत्रमा 'बदनामी' कमाएको कम्पनी हो। जसले सडकदेखि पुल निर्माणको ठेक्का लिएर बीचमै अलपत्र छाड्ने गरेको छ । कृषि सामग्रीले मल आपूर्तिमा अनुभव नै नभएको सैलुङलाई एकपछि अर्को गर्दै मल आपूर्तिको ठेक्का दिइरहेको छ । यही कम्पनीले थप ३० हजार टन मल आपूर्ति गर्न गत असारमा ठेक्का पाएको थियो। उक्त ठेक्कामा सरकारी कम्पनी र सैलुङबीच असार १८ मा सम्झौता भएको थियो। ठेक्का विषयमा आलोचना भएपछि कृषि सामग्रीले सार्वजनिक सूचना जारी गरेर भनेको छ,'सैलुङ इन्टरप्राइजेजसँग सिधै सम्झौता गरेको नभइ उसले पेस गरेको बोलपत्र सारभूत रूपमा प्रभावकारी रहेको र न्यूनतम कबोल अंक रहेकाले छनोट गरिएको हो।'

सैलुङले २५ हजार टन मल प्रतिटन ३२०.२५ अमेरिकी डलर र ३० हजार टन मल प्रतिटन २११.५० डलरमा ल्याउने सम्झौता गरेको थियो।

कृषि सामग्री कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारी कोभिड-१९ का कारण मल आपूर्ति हुन नसकेको दाबी गर्छन्।

'कोभिड-१९ का कारण सहज स्थिति बनेन, ढुवानी सेवा प्रभावित हुँदा समस्या भएको हो,' भण्डारीले भने, '५० हजार टन मल भारतको कोलकाता बन्दरगाहमा पुगिसकेको छ। भदौमा नेपाल आइपुग्छ।'

सैलुङले रुसबाट मल ल्याउने जनाएको थियो। धान रोपाइँका बेला मल ल्याउने दाबी गरिए पनि कम्पनीको ढिलासुस्ती र त्यसपछि आपूर्तिकर्ताको लापरबाहीका कारण किसानले मल पाउन सकेनन्। कोलकाताबाट मल कार्गोमा हालेर रक्सौलसम्म ल्याउनुपर्छ। त्यहाँ ट्रकमा हालेर देशभरिका डिपोमा पुर्‍याउनुपर्छ। अब मल आयो भने पनि धान बालीमा प्रयोग हुने सम्भावना टर्दै गएको छ।

नेपालमा वार्षिक ६ लाख टन मल चाहिन्छ। मुलुकमा रासायनिक मल उत्पादन हुँदैन। सबै मल भारतलगायत देशबाट आयात हुन्छ। सरकारले मल आपूर्तिका लागि दुई सरकारी कम्पनी साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड र कृषि सामग्री केन्द्र लिमिटेडलाई अनुदान उपलब्ध गराउँदै आएको छ। गत आर्थिक वर्ष सरकारले मलका लागि ९ अर्ब रुपैयाँ विनियोजन गरेको थियो। तर, किसानले बाली लगाउने बेला जहिल्यै मल अभाव झेल्नुपर्ने बाध्यता छ।

राष्ट्रिय कृषक समूह महासंघले बिहीबार जिल्ला प्रशासन कार्यालयहरूमा ज्ञापनपत्र बुझाएर 'समयमै मनसुन सक्रिय हुँदा किसानले रोपाइँ सकेपनि गोडमेल गर्ने बेला समेत मल नपाएको' बताएको छ।

महासंघका पूर्वअध्यक्ष उद्धव अधिकारी मल आपूर्ति र भण्डारण गर्ने जिम्मा पाएका सरकारी कम्पनीले प्रक्रियामै आलटाल गर्ने गरेको आरोप लगाउँछन्।

'सरकारी कम्पनीले नै कोभिड-१९ को कारण देखाउँदै मल आयात नगर्ने बहानाबाजी गरिरहेका छन्,' उनले भने। किसानहरूका अनुसार धानले गाँज हाल्ने बेला युरिया छर्नुपर्छ। कृषि सामग्रीले ५५ हजार टन मल आगामी असोजमा आउने जनाएको छ। त्यसका लागि पनि आपूर्तिकर्तासँग सम्झौता भइसकेको छ।

साल्ट ट्रेडिङले पनि मल ल्याउन सकेको छैन। ट्रेडिङले २१ हजार ५ सय टन युरिया गत जेठमा ल्याइसक्नुपर्ने थियो। तर, कहिले नेपाल आइपुग्छ यकिन छैन। मल आपूर्तिको ठेक्का पाएकाहरूले पनि कोभिड-१९ का कारण समस्या परेको जानकारी कर्पोरेसनलाई दिइसकेका छन्।

# मेचीनगर ९ नम्बर वडा कार्यालय आफ्नै भवनमा

***मेचीनगर (प्रस)*** । मेचीनगर नगरपालिकाको ९ नम्बर वडा कार्यालयको नवनिर्मित भवनको शुक्रबार विधिवत उद्घाटन गरिएको छ । नगरप्रमुख विमल आचार्य, उपप्रमुख मीना पोखरेल उप्रेती तथा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेन्द्रकुमार खाम्याहाङ्ले संयुक्तरुपमा एकतले पाँच कोठे पक्की भवनको उद्घाटन गरेका हुन् ।

अब वडाका सवै काम नयाँ भवनबाट सञ्चालन हुने वडाध्यक्ष गोपाल श्रेष्ठले जानकारी दिए । कार्यालय भवन निर्माण आयोजनाको कुल लागत ९४ लाख ८० हजार ४३ रुपैयाँ अनुमान गरिएपनि ६८ लाख ६५ हजार १ सय ४५ रुपैयाँमा आयोजनाको सम्झौता भएको थियो ।

मेचीनगर नगरकार्यपालिकाबाट ३८ लाख ६५ हजार १ सय ४५ रुपैयाँ र जिल्ला समन्वय समिति झापाबाट ३० लाख रुपैयाँ स्रोत जुटाई २०७६ साल भदौ १८ गतेबाट निर्माण शुरु गरिएको थियो ।

## कम्युनिष्टहरुका .....

गरिएको लकडाउनमा राहत बाँड्ने, काठमाडौं र विदेशका विभिन्न ठाउँबाट गरीब मजदुरहरुको उद्धार गर्ने मामिलामा समेत सरकारले कम्युनिजम भित्र्याएको उनले आरोप लगाए । सिटौलाले भने- यस्तो संक्रमणको बेला कमसेकम सबै नेपाली जनतामाथि न्याय हुनुपर्नेमा कम्युनिष्ट भए तिनको उद्धार हुने, कम्युनिष्टले चलाउने गाडीका पास पाइने , कांग्रेस वा अरुका गाडीले पास नपाउनेसम्मको हर्कत कम्युनिष्ट सरकारले देखायो ।'

संक्षिंप्त सम्बोधनका क्रममा नेता सिटौलाले वर्तमान सरकारको ३ बर्षको कार्यकाल व्यर्थैमा वितेको टिप्पणी गर्दै भने- म धेरै भन्न चाहन्न प्रधानमन्त्रीज्यूले नै निर्वाचन जितेको क्षेत्रमा उभिएर बोलिरहेको छु भन्नुहोस् यो ३ बर्षमा सरकारले जनतालाई के दियो ? केवल सत्ताकै लागि अन्तरसंघर्षमा उहाँहरु रुमलिइरहनु भएको छ । जनताले कम्युनिष्ट सरकारको असली रुप देखिसके ।'

कम्युनिष्ट सरकारविरुद्ध आक्रामक रुपमा प्रस्तुत भएका नेता सिटौला आफ्नै पार्टीको नेतृत्वप्रति पनि घुमाउरो शैलीमा कडा रुपमा प्रस्तुत भए । उनले पार्टीको १३ औं महाधिवेशनसम्म कुनै समस्या नरहेको तर आसन्न १४ औं महाधिवेशनप्रति भने केन्द्रस्तरमा प्रशस्त आशंकाहरु उब्जिन थालेको संकेत गरे । कार्यतालिकाअनुसार यही फागुनमा हुनुपर्ने १४ औं महाधिवेशन विविध कारणले वैशाखसम्म सर्न सक्ने तर त्यो भन्दा पछि लगिए आगामी २०७९ मा हुने निर्वाचनका लागि समय अपुग हुने सिटौलाको भनाइ छ । वर्तमान सरकारका विरुद्ध १४ औं महाधिवेशनपछि कांग्रेसले नयाँ संघर्षको थालनी गर्नुपर्ने आवश्यकता औंल्याउँदै त्यसका लागि एकताबद्ध र बलियो कांग्रेसको आवश्यकता रहेको पनि उनको जोड छ ।

कांग्रेस सभापति शेरबहादुर देउवाप्रति लक्षित गर्दै नेता सिटौलाले भने - पार्टी विचार, नीति र सिद्धान्तको आधारमा चल्नुपर्छ । अधिवेशनपछि मेरो र तेरोको भावना छोड्नुस् । हिजोको नशाले देश चल्दैन । चारैतिर कम्युनिष्टको घेरा छ । प्रतिपक्ष कांग्रेसलाई जनताले सडकमा आउन भनिरहेका छन् । त्यसका लागि संघर्षशील र सक्षम कांग्रेस निर्माणको अभियानमा जुट्नु छ ।

### १७० जना कांग्रेसमा प्रवेश

कांग्रेस कमल गाउँसमितिका सभापति खगेन भण्डारीको सभापतित्वमा भएको सो कार्यक्रममा विभिन्न पार्टी परित्याग गरी कांग्रेसमा प्रवेश गरेका १७० जना नवप्रवेशीहरुलाई नेता सिटौलाले पार्टी सदस्यता प्रदान गरेका थिए भने कांग्रेस झापाका सभापति उद्धव थापा, महासमिति सदस्य देउमान थेवे, टिकाराज सापकोटा र जिल्ला सदस्य हुकुमसिंह राईले अविर लगाएर स्वागत गर्दै पार्टीको झण्डा प्रदान गरेका थिए । कार्यक्रममा पार्टी जिल्ला सभापति थापा, नेता थेवे र क्षेत्रीय सभापति ढुण्डीराज भण्डारीले शुभकामना मन्तव्य राखेका थिए । कांग्रेस कमलका सहसभापति राजकुमार न्यौपानेले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव महेन्द्र बुढाथोकीले गरेका थिए ।


प्रतिदिन दैनिक अब इ- पेपरमा पनि
www.pratidindaily.com

हाडजोर्नी तथा नशाका समस्याहरूको बिना अप्रेसन सफल उपचार

सफलतापूर्वक उपचार हुने समस्याहरू

ढाड, गर्धन कम्मर दुख्ने डिस्क प्रोल्याप्स, हड्डी खिइएको नशा च्यापिएको
वाथ, आर्थराइटिस, घुडा, जोर्नी दुख्ने, युरिक एसिड बढेको
शरीरका विभिन्न अङ्ग झम्झमाउने, पोल्ने, लाटो हुने
पाएल्स, पिनाश, ग्यास्टाइटिस, कब्जियत, टाउको दुख्ने, डिप्रेशन, अनिद्रा
प्यारालाइसिस, शरीरको एक अङ्ग वा दुवै अङ्ग नचल्ने, मुख बाङ्गिएको



सम्पर्क : स्पार्क पूर्वाञ्चल अस्पताल प्रा.लि.
कनकाई रोड (कनकाई कलेजसँगै) बिर्तामोड (झापा) फोन : ०२३-५४०१२३, ९८५२६७५०३३

पूर्ण टुङ्ग बिर्ता सीटी अस्पताल बिर्तामोडमा
शारीरिक उपचार अर्थात् फिजियोथेरापी सेवा सुरु

औषधीको प्रयोग नगरी उपचार

बिना औषधि, बिना सुई, बिना चिरफार, हाड जोर्नीको दुखाई, हड्डी खिएको, हातखुट्टा नचल्ने, झमझमाउने, मुख बाङ्गिएको, मस्तिष्कघात भई प्यारालाइसिस भएको, घाँटी अथवा ढाडको नसा चेपिई दुख्ने, झमझमाउने, अप्रेसनपछि जोर्नीहरु जाम भएको, हातखुट्टा चलाउँदा दुख्ने तथा असजिलो भएको, मांसपेशी कमजोर भई हातगोडा लुलो हुने आदि भएमा यस बिर्ता सीटी हस्पिटलको फिजियोथेरापी विभागमा सम्पर्क गरी चाँडोभन्दा चाँडो स्वास्थ्य लाभ लिनुहोस् । वैज्ञानिक ढङ्गले मालिस गर्ने, मांसपेशीहरु सेक्ने, हातखुट्टा चलाउने, व्यायाम गर्ने गरी तपाईंको शरीरलाई पुन: यथावत् पूर्ण सञ्चालनमा ल्याउन सकिने भएकाले यसका लागि अनुभवी र पारखी विशेषज्ञको विज्ञ सेवा प्राप्त गरी तन्दुरुस्त बन्नुहोस् ।




सदैव व्यायाम गरौं, सदैव स्वस्थ रहौं ।

पूर्ण टुङ्ग बिर्ता सीटी हस्पिटल
बिर्तामोड, झापा । फोन : ०२३-५४४८५५, ९८६२६८००००

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरूरी सुचना

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ मा सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्नुपर्ने व्यवस्था बमोजिम यस नगरपालिकाको १० वटै वडाहरुमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले सम्बन्धीत वडा कार्यालयमा उपस्थित भई तोकिएको ढाँचामा निवेदन दिई **वि.सं. २०७७ श्रावण मसान्तभित्र** अनिवार्य रुपमा आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गराउनु हुन सुचित गरिन्छ । बालबालिका वा आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बुवा, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछ ।

**सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्न आउँदा ल्याउनु पर्ने कागजातहरु / वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरु**

- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- पासफोटो साइजको २ प्रति फोटो
- बैंक खाता नम्बर
- बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि
- सम्बन्ध विच्छेद गरि अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण
- बिधुवा महिलाको हकमा पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि
- न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण
- विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र
- अपाङ्गता भएको व्यक्तिको हकमा नगरपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा गा.वि.स. ले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन ।)

वितार्मोड नगरपालिका


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल । । सम्पादक : राजेन्द्र गौतम

## सम्पादकीय

# संक्रमण रोक्न हरसंभव उपाय

विस्तारैविस्तारै संक्रमण बढ्दै नेपालमा कोरोना संक्रमण अब आमरूपमा फैलिसकेको छ। संक्रमणले गाउँ, सहर, क्याम्प, ब्यारेक, कार्यालय र बस्ती कहीं पनि छाडेको छैन । विदेश गएर आएका, स्वदेशभित्र घुमफिर गरेका, एकै ठाउँमा बसिरहेका, घर नै नछोडेकालाई समेत कोरोनाले छोएको छ ।

यस्तो अवस्थामा आमरूपमा पिसिआर परीक्षण गरी संक्रमित तथा असंक्रमित छुट्याई उपचारका सबै उपाय अवलम्बन गरिनुपर्छ । अब विदेशबाट ल्याइनुपर्ने नेपाली ल्याइसकिएका छन् । स्वदेशमा फर्किइरहेका पनि आआफ्ना स्थानमा रहेका छन् । यसैबेला सरकारले आमपरीक्षणको उपाय अपनाउनुपर्छ। केवल पुरानै र विफल भएका कोरोना संक्रमणका उपाय गरेर मात्र सम्भव छैन।

मृतक र संक्रमितहरुको आँकडा थपिदै गएपछि स्थिति भयावह हुँदै जाने देखिएको छ । देशभर मानिसमा सन्त्रास फैलिएको छ। तर पनि रोकथाम र नियन्त्रणका उपाय प्रभावकारी रूपमा अघि बढाइएको छैन । संघीय, प्रादेशिक तथा स्थानीय सरकारले संक्रमणको यो उभारलाई धान्न सक्नेगरी तयारी गरेका छैनन् । स्थानीय जनता पनि जति सतर्कता अपनाउनुपर्ने हो, त्यति सतर्क भएको देखिँदैन ।

संक्रमण बढ्दै जाँदा पीसीआर परीक्षणलाई जति व्यापक बनाइनुपर्ने हो, त्यसो हुन सकिरहेको छैन । संक्रमितका लागि भेन्टिलेटर, आइसोलेसन, अस्पताल तथा सुविधा सम्पन्न बेडहरूको व्यवस्था गरिएको छैन । सरकारले कोरोनाको नाममा खर्बौंको बजेट कहाँ र कसरी खर्च गऱ्यो, त्यसको लेखाजोखा नै छैन । अहिले कोरोना महामारीको संक्रमण अनियन्त्रित र असन्तुलित हुँदै गएपछि देशव्यापी रूपमा नयाँ अस्पताल, भेन्टिलेटर, उपचार कक्ष र क्वारेन्टाइनको आवश्यकता बढ्दै गएको छ । तर, त्यस अनुरुप तयारी देखिँदैन । यस्तो अवस्थामा सम्भाव्य वैकल्पिक उपाय सबै अपनाएर अघि बढ्नुको विकल्प छैन ।

# युवा प्रतिभा पलायन कसरी रोक्ने ?



❖कमल सुवेदी

नेपालमा अहिले सबैभन्दा ठूलो चुनौतीको विषय बनेको छ, युवा प्रतिभा पलायन । अधिकांश नेपाली युवा सुन्दर सपना बोकेर बिदेसिएका छन् । बिदेसिनु उनीहरूको रहर नभई बाध्यता बनेको छ । आफ्नो क्षमता र दक्षताअनुसारको काम नपाउनु, काम पाएपनि कामअनुसारको दाम नपाउनु, राम्रो मान्छेलाई भन्दा आफ्नो मान्छेलाई प्राथमिकता दिनु, देशमा श्रमप्रतिको सम्मान नहुनु, सामाजिक सुरक्षाको प्रत्याभूति नहुनु, कामदारको सेवा-सुविधा राम्रो नहुनुजस्ता कारणले अधिंकाश युवा प्रतिभा विदेश पलायन भएका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको तथ्यांकअनुसार आ.व. २०६५/६६ मा २४ हजार ८ सय २४ विद्यार्थीले वैदेशिक अध्ययन अनुमतिपत्र (एनओसी) लिएका थिए भने आ.व. २०७६/७७ मा ६३ हजार २ सय ५९ जनाले अध्ययन अनुमतिपत्र लिए । विगत १० वर्षको तथ्यांक हेर्ने हो भने दुगुना बढी छ । त्यसमध्ये अधिंकाश दक्ष र प्राविधिक जनशक्ति नै बिदेसिने गरेका छन् । नेपाल मेडिकल काउन्सिलमा हालसम्म एमबीबीएस, एमडी, एमएस, एमडीएस गरी कुल ३४ हजार १ सय ४ जना दर्ता भएका छन् । त्यसमध्ये करिब १५ सयको हाराहारीमा मात्र सरकारी सेवामा कार्यरत छन् । बाँकी रहेको संख्याको आधाजति प्राइभेट र अरू विदेशमै छन् । खोज पत्रकारिता केन्द्रले गरेको एक अध्ययनअनुसार आईओएममा अध्ययन गरेका २३ देखि २८ औं ब्याजसम्मका २५ प्रतिशत चिकित्सकमात्र नेपालमा रहेको र बाँकी ७५ प्रतिशत अमेरिका, क्यानडा, बेलायत युरोपलगायतका विकसित देशमा पलायन भएका छन् ।

नर्सिङको अवस्था पनि उस्तै छ । नर्सिङ काउन्सिलका अनुसार दर्ता भएका ५६ हजार नर्समध्ये करिब १६ हजार नर्सले विदेश अध्ययनको अनुमति लिएका छन् । करिब २० प्रतिशत नर्स विदेसिएका छन् । त्यसैगरी नेपाल इन्जिनियर काउन्सिलमा दर्ता भएका ५५ हजार इन्जिनियरमध्ये ५० प्रतिशत विदेशमा रहेको अनुमान छ । कृषि तथा वन विज्ञान अध्ययन गर्ने विद्यार्थीको अवस्था पनि उस्तै छ । कृषिप्रधान देशमा कृषि प्राविधिकको अभाव छ। प्राविधिक र अप्राविधिक गरी प्रति वर्ष करिब ५० हजारको हाराहारीमा युवा अध्ययनको नाममा बिदेसिएका छन् । अध्ययनका नाममा बिदेसिएका अधिकांश युवा पीआर, ग्रिन कार्डको बहानामा विदेशमै सेटल हुने गरेका छन् । पढाइ सकेर मातृभूमि फर्केका युवा पनि सोचेअनुसारको काम र दाम नपाउँदा पुनः विदेश नै फर्कने गरेका छन् ।

बिदेसिएका प्रतिभालाई देश फर्काउने अभियानअन्तर्गत नेपाल सरकारले परराष्ट्र मन्त्रालयमार्फत देश फर्कौं अभियान पनि चलाएको छ । स्पष्ट नीति र योजनाबिना घोषणा गरिएको यो अभियान कति प्रभावकारी होला, त्यो हेर्न बाँकी छ । युवा प्रतिभालाई स्वदेश फर्काउने कि विदेश जान नपर्ने वातावरण निर्माण गर्ने बहस गर्न जरुरी छ । के कारणले युवा बिदेसिए त्यसको विषयमा सरकारले गहन छलफल गर्नुपर्छ । अहिलेको विश्वव्यापीकरण र सूचना-प्रविधिको युगमा हामीले प्रतिभा पलायनलाई रोक्छौं भन्नु सम्भव हुँदैन । देशबाट अध्ययनका लागि मात्र होइन, रोजगारीका लागि पनि ठूलो श्रमशक्ति बाहिरिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मुलुकका ७ सय ५३ वटै स्थानीय तहबाट संकलन गरेको तथ्यांकअनुसार मुलुकमा १७ लाख बेरोजगार छन् । यो मुलुकको कुल श्रमशक्तिको २१.५४ प्रतिशत हो । आर्थिक वर्ष २०७५/०७६ मा वैदेशिक रोजगारीमा ५ लाख ८ हजार ८ सय २८ नेपाली युवा बिदेसिए । नेपाल राष्ट्र बैंकका अनुसार आ.व. २०७५/०७६ मा सरकारले वैदेशिक रोजगारीबाट ८ खर्ब ७० अर्ब रुपैयाँ रेमिट्यान्स जम्मा गऱ्यो । संसारका विकसित देशहरूको इतिहास हेर्ने हो भने युवाहरूको श्रम र पसिनाबाट नै समृद्धि हासिल गरेका छन् । हामी भने युवाहरूलाई बाहिर राखेर समृद्धिको कुरा गरिरहेका छौं । जबसम्म विकासको मूल प्रवाहमा युवाहरूलाई प्रत्यक्ष सहभागी गराउन सकिँदैन तबसम्म मुलुक समृद्धिको दिशामा अघि बढ्न सक्दैन । युवा चलायमान जनशक्ति हो । यसले स्वाभाविक रूपमै अवसरको खोजी गरिरहेकै हुन्छ । उपयुक्त अवसरको खोजीमा भौंतारिरहेको युवा जहाँ अवसर देख्छ त्यहीँ जान्छ । आज नेपालमा रोजगारीको सम्भावना नभएकै कारण युवा बिदेसिएका छन् । स्वदेशमै रोजगारीका अवसर सिर्जना हुने हो भने अधिकांश युवा बिदेसिने थिएनन् । अध्ययनका लागि जापान, अस्ट्रेलिया, युरोप, अमेरिका क्यानडा जाने युवाहरूको प्राथमिकता पनि रोजगारी नै हो । रोजगारी र अवसरको खोजीमा मुलुकबाट बौद्धिक पलायनता अझै बढ्दै गएको छ ।

यसरी बढ्दो युवा पलायनलाई रोक्न राज्यले युवामा लगानी बढाउनुपर्छ । लगानीमैत्री वातावरण सिर्जना गरेर थप रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्छ । अध्ययनसँगै रोजगारीको ग्यारेन्टी गर्नुपर्छ । माध्यमिक शिक्षालाई व्यावहारिक र प्रयोगात्मक बनाई १२ कक्षा पास गरेपछि अध्ययनसँगै रोजगारीको सुनिश्चितता गरिनुपर्छ । डाक्टर, इन्जिनियर, नर्स, कृषि प्राविधिक, सूचना-प्रविधि विज्ञजस्ता प्राविधिक जनशक्तिलाई छात्रवृत्ति दिएर पढाउने र अध्ययनपश्चात् सरकारले कामको ग्यारेन्टी गर्ने । अहिले उपलब्ध गराएको सेवा सुविधाभन्दा दोब्बर बढाउने । श्रमप्रतिको सम्मान बढाउन श्रम संस्कृतिको विकास गर्ने । कामलाई सानो र ठूलो भनी गरिने भेदभावको अन्त्य गर्ने । युवा रोजगारी र उद्यमशीलता सिर्जनाका लागि शैक्षिक प्रमाणपत्रका आधारमा सहुलियत कर्जा दिने र सोको बिमा पनि गरिदिने । विदेशबाट उच्च शिक्षा हासिल गरेर फर्केका युवालाई उनीहरूको विज्ञताअनुसार सीधै रोजगारी दिने व्यवस्था मिलाउने । वैदेशिक लगानी बढाउन बहुराष्ट्रिय कम्पनीसँग सहकार्य गरी उद्योग र कलकारखानाको विकास गर्ने । शिक्षा र स्वास्थ्यलाई निःशुल्क र गुणस्तरीय बनाउने । प्राज्ञिक अध्ययन-अनुसन्धानका लागि अनुसन्धान केन्द्रको स्थापना र विकास गर्ने । विज्ञान र प्रविधिको विकासका लागि हरेक स्थानीय तहमा आविष्कार केन्द्रको स्थापना गर्ने । राजधानीमा मात्र केन्द्रित सेवा, सुविधा र अवसरलाई विकेन्द्रीकरण गरी गाउँसम्म पुऱ्याउने । संविधानमा उल्लिखित रोजगारीको हकको कार्यान्वयनका लागि १६ वर्षमाथिका सबै युवाहरूलाई पूर्ण रोजगारीको व्यवस्था गर्ने । सामाजिक सुरक्षाको पूर्ण प्रत्याभूति गर्ने । सरकारले युवाहरूलाई उत्प्रेरित गर्न आफ्ना मित्र राष्ट्रहरूसँग छात्रवृत्ति कार्यक्रमको विकास र विस्तार गर्ने । अन्तर ाष्ट्रिय अनुभवलाई राष्ट्रिय हितमा प्रयोग गर्ने प्लेटफर्मको विकास गर्ने । गैरआवासीय नेपालीहरूको ज्ञान, सीप, पुँजी र प्रविधिलाई सबैभन्दा पहिले सरकारले युवाहरूलाई आशा जगाउने । युवाहरूका लागि अवसरको सिर्जना गरी समानुपातिक वितरण गर्ने । देशबाहिर रहेका युवालाई फर्काउने अभियान चाल्नुभन्दा देशभित्र रहेका युवाहरूलाई यहीं अवसर सिर्जना गर्न सके केही हदसम्म युवा पलायन रोक्न सकिन्छ ।

अहिले मुलुक नवनिर्माणको अभियानमा छ । यसबेला देशमा दक्ष र प्राविधिक जनशक्तिको खाँचो छ । तर, प्रतिभा पलायनले गर्दा दक्ष जनशक्तिको अभाव छ । त्यसैले मुलुक निर्माणको महाअभियानमा युवाहरूलाई विकासको साझेदार बनाउनुपर्छ । उनीहरूको ज्ञान, सीप, सिर्जनशीलता र ऊर्जा राष्ट्रनिर्माणमा लगाउन सके मात्र परिवर्तन र विकास सम्भव छ । विकासमा युवाहरूको साझेदारीले नै समृद्धिमा टेवा पुऱ्याउँछ । त्यसैले सरकारले युवालाई केन्द्रबिन्दुमा राखेर नीति, योजना र कार्यक्रम तय गर्नु जरुरी छ । युवाहरूको ऊर्जाशील समय र सीप विदेशी भूमिमा खर्चेर समृद्ध नेपालको परिकल्पना गर्नु दिवास्वप्न हो ।



अहिले मुलुक नवनिर्माणको अभियानमा छ । यसबेला देशमा दक्ष र प्राविधिक जनशक्तिको खाँचो छ । तर, प्रतिभा पलायनले गर्दा दक्ष जनशक्तिको अभाव छ । त्यसैले मुलुक निर्माणको महाअभियानमा युवाहरूलाई विकासको साझेदार बनाउनुपर्छ ।

# कोभिड -१९ का विविध आयाम



❖प्रकाश आचार्य

समग्र विश्व र शक्तिशाली भनिएका मुलुकहरू नै हाल कोभिड संक्रमणबाट थिलथिलो भएका छन् । विश्वभरि २ करोड ८ लाख भन्दा बढी संक्रमित भएका छन् भने ७ लाख ४७ हजार भन्दा बढीको ज्यान गइसकेको तथ्यांकले देखाउँछ ।

अमेरिकामा सबैभन्दा धेरै अर्थात् १ लाख ६९ हजारभन्दा बढी मानिसको मृत्यु भइसकेको छ भने सबैभन्दा बढी संक्रमित पनि सोही मुलुकमा रहेका छन् । अमेरिकापश्चात् ब्राजिल दोश्रो तथा छिमेकी मुलुक भारत तश्रो बढी संक्रमित हुने मुलुक हुन् । यसरी विश्लेषण गर्दा यस संक्रमणले दिन प्रतिदिन भयावह रूप लिँदै गइरहेको देखिन्छ ।


अर्को तथ्यांकलाई हेर्दा समग्र विश्वमा कोभिड-१९को संक्रमणबाट निको हुने औसत दर ६५.८८ प्रतिशत छ भने सार्क मुलुकको निको हुने औसत दर ७१.६१ प्रतिशत छ । सार्क मुलुकमध्ये पाकिस्तानको सबैभन्दा राम्रो अर्थात् निको हुने दर ९२.०५ प्रतिशत र भारतमा ७०.७९ प्रतिशत छ भने नेपालको निको हुने दर ६८.४७ प्रतिशत छ । अब यस महामार ीसँग जोडिएका अन्य सुक्ष्म कारणहरूले उत्पन्न आत्महत्यासम्बन्धी पक्षलाई पनि विश्लेषण गरौँ ।

नेपाल प्रहरीको आर्थिक वर्ष २०७५/७६ को तथ्यांक अनुसार ५ हजार ७ सय ८५ त्यसैगरी आर्थिक वर्ष २०७६/७७ को तथ्यांक अनुसार ४ हजार ६ सय ६ जनाले आत्महत्या गरेको देखिन्छ । विगत सात आर्थिक वर्षको औसत दर हेर्ने हो भने लगभग ५ हजार जनाको हाराहारी प्रत्येक वर्ष आत्महत्या गरेको पाइन्छ । यसलाई आधार मान्दा नेपालमा बन्दाबन्दीपछि साउनको पहिलो हप्तासम्म चार महिनाको अवधिमा मात्र आत्महत्याबाट मृत्यु हुने संख्या २ हजार २ सय १८ भन्दा माथि पुगिसकेको तथ्यांकले देखाउँछ । कोभिड -१९ का कारणले मानसिक स्वास्थ्यमा बृहत रूपमा प्रभाव पारेको देखिन्छ। यसले आत्महत्याको संख्या अझ बढ्ने आँकलन गर्न सकिन्छ ।

कोभिड -१९ का कारणले सामाजिक, आर्थिक, राजनैतिक पक्षमा गम्भीर असर पारिरहेको छ । उद्योग, व्यापार व्यवसाय ठप्प छन् । विदेशमा रहेका नेपालीहरूले रोजगारी गुमाउनुपरेका कारण स्वदेश फर्कने क्रम बढ्दो मात्रामा रहेको देखिन्छ, जसले रेमिट्यान्समा धेरै कमी आइरहेको छ । स्वदेश फर्कने युवाहरूमा भविष्यप्रति चिन्ता तथा रोजगारीसम्बन्धी अन्यौल छ ।

यस्तो अवस्थामा दैनिक ज्याला गरेर हातमुख जोड्नुपर्ने अवस्था भएका धेरै मानिसहरू त झन् मारमा परेका छन् । विद्यालय बन्द भएका कारण आफ्ना बालबालिकालाई रेखदेख गर्नुपर्ने र उनीहरूको भविष्यको चिन्ता पनि उत्तिकै छ। यस अवस्थामा घरेलु तथा लैङ्गिक हिंसाका घटनामा पनि वृद्धि भइरहेको विभिन्न तथ्यांक एवं प्रतिवेदनहरूले देखाएको छ । माथिका यी सबै कारणहरूले आत्महत्यालाई थप बढावा दिएको पाइन्छ । कोरोना महामारीले निम्त्याएको विपद्भैँ अर्को अत्यन्तै प्राथमिकताको विषय प्राकृतिक विपद्सम्बन्धी तथ्यांकलाई पनि हेरौँ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको अनुसार वैशाखदेखि श्रावण १२ सम्मको तथ्यांकअनुसार बाढी पहिरो र चट्याङ्बाट मृत्यु हुनेको संख्या १ सय ८४ छ भने १ सय २६ जना बेपत्ता भएका छन् ।

माथिका ३ वटा पक्ष र यसको तथ्यांकलाई विश्लेषण गर्दा राज्यले एउटा पाटोलाई मात्र ध्यान दिई यससँग जोडिएका अन्य विविध पक्षहरूलाई पनि सँगसँगै नलग्ने हो भने कोभिड महामारीबाट त केही समयपछि पार पाइएला । तर, कोभिडले जन्माएका अन्य विविध समस्यालाई सम्बोधन गर्न हाम्रो क्षमताले धान्ने देखिन्न । त्यसैले तलका केही न्यूनीकरणका उपायहरू अपनाउन सकेमा समयसापेक्ष र प्रभावकारी हुने देखिन्छ ।




कुनै पनि संरचना निर्माण गर्दा विपद्बारे पहिले नै विश्लेषण गरी थोरै थप लगानी गर्ने हो भने ठूला-ठूला क्षतिहरू कम गर्न सकिन्छ ।

आत्महत्यामा न्यूनीकरण तथा रोकथामका लागि समुदायस्तरदेखि नै सबै सचेत हुनु र सचेत गराउनु आवश्यक देखिन्छ । आत्महत्याको प्रमुख कारण उदासीनता, जीवनमा असफलता, तनाव आदि भएकाले आफूलाई के कुराले तनाव दिएको छ, सोबारे आफ्नो मन मिल्ने व्यक्तिसँग आफ्नो मनको कुरा भन्ने बानीको बिकास गर्ने । नियमित खानपान तथा दिनचर्यामा ध्यान दिने ।

घरमै बसी नियमित व्यायाम गर्ने, आफूलाई रमाइलो लाग्ने तथा खुसी हुने कार्यहरू गर्ने । यसो हाम्रो दिमागमा सकारात्मक सोच ल्याउने हर्मोनहरू सेरोटोनिन, डोपामाईन, इन्डोर्फिन आदि जस्ता हर्मोनहरू सक्रिय हुने हुँदा आत्महत्यासम्बन्धी सोचमा कमी आउने तनाव तथा अन्य भावनात्मक समस्यामा कमी आउँछ ।

त्यसैगरी आफूले आफ्नो संवेगलाई कम गर्न कोशिस गर्दागर्दै पनि नसकिएमा मनोसामाजिक परामर्शदाताकोमा सम्पर्क गर्ने । अन्त्यमा यतिले पनि नभएमा वा आत्महत्याको सोच आइरहेमा मनोचिकित्सककोमा तुरुन्त सम्पर्क गर्ने गर्नुपर्दछ। साथै राज्यले पनि हालको प्रतिकुल अबस्थामा आत्महत्या नियन्त्रणको लागि विविध कार्यक्रमहरू मानसिक स्वास्थ्यका कार्यक्रममा जोड्दै लानुपर्ने देखिन्छ । यदि आवश्यक परेमा यसै क्षेत्रमा कार्य गर्दै आएका विज्ञहरू तथा संघसंस्थासँग छलफल गरी संयुक्त रूपमा कार्यक्रमको निर्माण गरी समुदायस्तरमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

त्यसैगरी जनताका समग्र राज्यको आर्थिकस्तर माथि उकास्नका लागि आधुनिक कृषि प्रणालीका लागि ज्ञान सीपका साथै आर्थिक अनुदानसम्बन्धी कार्यक्रम, कृषि तथा घरेलु उद्योगको प्रबर्धन, युवालक्षित रोजगारमुलक कार्यक्रम लगायत वर्षैपिच्छे भोगिँदै आएको विपद्लाई सम्बोधन गर्नका लागि विपद्ले गर्दा पार्ने जोखिमलाई कम गर्ने कार्यक्रमहरू जस्तै तटबन्ध निर्माण, दुरगामी असर पर्नेखालका उपकरणहरू जस्तैः डोजर, स्काभेटर आदिमा सकेसम्म कम गरी वातावरणमा असर नपर्ने गरी सडक निर्माण गर्ने, पहिरो जाने स्थानमा बढी जरा भएको र माटो पक्रन सक्नेखालको बृक्षारोपण गर्ने । कुनै पनि संरचना निर्माण गर्दा विपद्बारे पहिले नै विश्लेषण गरी थोरै थप लगानी गर्ने हो भने ठूला-ठूला क्षतिहरू कम गर्न सकिन्छ ।

कोभिड-१९ का लक्षण ज्वरो आउने, खोकी लाग्ने, स्वास फेर्न गाह्रो हुने, गन्ध थाहा नहुने, स्वाद थाहा नहुने र हाल झाडापखालालाई पनि मानिएको छ । अनिवार्यरूपमा मास्कको प्रयोग, नियमित साबुन पानीले हात धुने, स्यानिटाइजरको प्रयोग र भौतिक दुरी कायम गर्नु नै हालको लागि कोभिड-१९ बाट बच्ने अचुक उपाय हो । यदि तपाईले टेस्ट गरेर यदि पोजेटिभ आएमा यसलाई लुकाउने भन्दा आफूसँग सम्पर्कमा आएका व्यक्तिलाई जानकारी दिई परीक्षण गर्न सुझाव दिऊँ, यसले थप संक्रमण फैलनबाट जोगाउँछ ।

यदि माथि भनिएका लक्षणमध्ये कुनै लक्षणहरू देखिएमा आफैँ सजग भई तुरून्तै आइसोलेसनमा बस्ने र सास फेर्न अत्यन्तै कठिनाई भएमा वा आफूलाई अत्यन्तै असहज महसुस भएमा तुरुन्त स्वास्थ्य संस्थामा जाने । यति गरेमा कोरोनाबाट डराउनुपर्ने आवश्यक छैन । हामीले याद गर्नुपर्ने कुरा मास्क लगाउने, साबुन पानीले राम्ररी हात धुने र भौतिक दुरी कायम गर्नाले कोभिड सर्ने सम्भावना अत्यन्तै न्यून हुन्छ । मानौँ तपाईंले मास्क लगाउने, भौतिक दुरी कायम गर्ने तथा हात धुने कार्य नगर्दा माथि भनिएका लक्षणहरू देखिई परीक्षण गर्नुपरेको अवस्थामा टेस्ट गर्ने किट, मानव श्रोत लगायत सम्पूर्ण खर्च जोड्दा कम्तिमा १० हजार रूपैयाँ खर्च हुन्छ ।

यदि एक जनाको १० हजारका दरले १००० जना व्यक्तिको मात्र हिसाब गर्दा राज्य कोषको १ करोड खर्च बढ्ने देखिन्छ । जुन ऋणको भार भविष्यमा फेरि तपाईं हाम्रै हिस्सामा पर्न जाने त छँदैछ । साथै यस कोभिड -१९ को संक्रमण नियन्त्रणभन्दा बाहिर जान पनि कत्ति समय लाग्ने छैन ।

राज्यले केही गरेन मात्र भन्ने भन्दा पनि जनता पनि सचेत हुनु उत्तिकै आवश्यक छ । त्यसैले यसलाई गहिरिएर मनन् गरौँ । व्यवहारमा परिवर्तन ल्याऊँ । हामीले हाम्रो अधिकारसँगै दायित्व पनि नबिर्सौं । सबै सचेत बनौं र आ-आफ्नो जिम्मेवारी पुरा गरौँ ।

# किसान र मजदुरका समस्याप्रति राजनीतिक दलहरुको चासो



*बिर्तामोड (प्रस)* । रासायनिकको मल अभाव र चिया मजदुरको समस्या समाधानमा पहल गर्ने झापाका राजनीति दलहरुले सामूहिक प्रतिबद्धता जनाएका छन् ।

झापामा रासायनिक मलको अभाव भइरहेका बेला तत्काल मलको समस्या समाधानका लागि पहल गर्न आफूहरुले पहलकदमी लिने राजनीतिक दलका नेताहरुले प्रतिबद्धता जनाउदैं आइतबार जिल्ला प्रशासन कार्यालयमा सामूहिक छलफल गर्ने निश्कर्ष निकालेका छन् ।

संवाद समूह झापाको संयोजन तथा संघीय लिम्बूवान मञ्च झापाको पहलमा शुक्रबार बिर्तामोडमा भएको कार्यक्रममा राजनीतिक दलका नेताहरुले किसानहरु मल अभावका कारण समस्यामा पर्दै गएको बताए । बेलैमा वर्षा भएको र रोपाई सकेपनि रासायनिक मलको अभाव भएकाले तत्काल मल उपलब्ध नभए बाली खेर जाने अवस्थामा पुगेको नेकपा झापाका कार्यालय सचिव शिव ढुङ्गेलले बताए । उनले किसान र चिया मजदुरको समस्या समाधानमा आफ्नो पार्टीले जस्तोसुकै सहयोग गर्न तयार रहेको धारणा ब्यक्त गरे ।

उनले किसान र मजदुरको समस्या समाधानका लागि सबै राजनीतिक दलहरुलाई एकै ठाउँमा ल्याएर छलफलको माध्यमबाट संवाद समूहले सहजीकरण गर्दै आएको र वर्तमान जल्दोबल्दो समस्याको रुपमा रहेको चिया मजदुरको ज्याला तथा किसानले रासायनिक मलको अभाव भोगिरहेको अवस्थामा राजनीतिक दलहरुलाई एकताबद्ध बनाउदैं साझा धारणाका साथ अघि बढाएको भन्दै संवाद समूहको प्रशंसा गरे ।

त्यस्तै नेपाली कांग्रेसका नेता देउमान थेवेले किसान र मजदुरको समस्या समाधानका लागि प्रजिअसंग छलफल गरेर समस्याको निकास निकाल्नुपर्नेमा जोड दिए । उनले वर्षौदेखि चिया मजदुरको समस्या समाधानमा उद्योगी उदासिन भएको र वर्तमान अवस्थामा सरकार किसानलाई रासायनिक मल उपलब्ध गराउन असफल भएको आरोप लगाए । उनले किसानको समस्या समाधान गर्न स्थानीय, प्रदेश र संघीय सरकार गम्भीर बन्नुपर्ने धारणा ब्यक्त गरे । उनले चिया मजदुरका समस्या समाधानका लागि यसअघिका सम्झौताको अक्षरस पालना भएमा समस्या समाधान हुने विश्वास ब्यक्त गरे ।

नेकपा मालेका केन्द्रिय सदस्य नवराज खरेलले चिया मजदुर र किसानको समस्या समाधान गर्न आफ्नो पार्टी जस्तोसुकै सहयोग गर्न पनि तयार रहेको प्रतिबद्धता जनाए । जनता समाजबादी पार्टीका अध्यक्ष अनुतसिंह राजवंशीले किसान र मजदुरका समस्या समाधान गर्न जिल्ला प्रशासन कार्यालयसंग समन्वय गर्दै निकास निकाल्नुपर्ने बताए ।उनले किसानलाई वितरण गर्ने रासायनिक मलको वितरणमा विभेद गर्न नहुने विचार ब्यक्त गरे ।

कार्यक्रममा राप्रपा झापाका सचिव केशव ओझा, मौलिक जरोकिलो पार्टीका अध्यक्ष इन्द्रप्रसाद ओली, संघिय लिम्बुवान पार्टीका अध्यक्ष सञ्जुहाङ पालुङ्वा,राष्ट्रिय जनमुक्ति पार्टीका पूर्वअध्यक्ष पर्शुराम मगर लगायतले मजदुर किसानहरुका समस्याहरुलाई राजनीतिक दलहरुले एक भई समाधानका लागि सहयोग गर्ने र तत्काल प्रशासनको सहयोग लिई ठोस निश्कर्षमा पुग्न आफूहरुले पहल गर्ने सामूहिक प्रतिबद्धता समेत जनाए ।

संवाद कार्यक्रममा चिया बगान श्रमिक संघका केन्द्रिय अध्यक्ष दिपक तामाङ, जिफन्टका प्रदेश उपाध्यक्ष सन्तकुमार राई, अखिल नेपाल ट्रेड युनियन महासंघका प्रदेश संयोजक भूपाल सापकोटासमेतले चिया मजदुरका समस्याका बारेमा राजनीतिक दलका नेताहरुलाई अवगत गराउदैं समस्या समाधानका लागि सहयोग गरिदिन अपिल गरेका थिए ।कार्यक्रममा नेपाल किसान संघका सचिव मेदनी सिटौला र बिर्तामोड नगरपालिका कृषि शाखाका राजेन्द्र कडरियाले समस्या अवगत गराउदैं यसको निकासका लागि सबै राजनीतिक दलहरु एक भएर अघि बढनुपर्नेमा जोड दिए ।

# थपिदै कन्ट्याक्ट ट्रेसिङको सँख्या

*विराटनगर (प्रस)* । विराटनगर महानगरपालिकामा कोरोना संक्रमितको संख्या बढेसँगै कन्ट्याक्ट ट्रेसिङको लाईन पनि लम्बिन थालेको छ ।



विराटनगर महानगरपालिकाले कोरोना संक्रमण पुष्टि भएका व्यक्तिहरुको परिवार र उनीहरुसँग सम्पर्कमा पुगेका व्यक्तिहरुको स्वाब संकलन कार्यलाई निरन्तरता दिएको छ ।

हरेक दिन विराटनगरको जैन भवनमा कन्ट्याक्ट ट्रेसिङमा परेका व्यक्तिहरु महानगरपालिकामार्फत जैन भवनमा स्वाब दिन पुग्ने गरेका छन् । त्यहाँ महानगरका स्वास्थ्यकर्मीहरुले दैनिक करिव २०० जनाको संख्यामा स्वाब संकलन गर्दै आएका छन् ।

एक साता अधिसम्म ५० जनाले जैन भवनमा पुगेर स्वाब दिने गरेकोमा अहिले त्यो संख्या ह्वातै बढेको छ । अहिले दैनिक २०० जनाको स्वाब संकलन हुने गरेको छ । परीक्षण प्रयोगशालाको क्षमता अभावले गर्दा शंकास्पद व्यक्तिहरु सबैलाई परीक्षणको दायरामा भने ल्याउन सकिएको छैन ।

विराटनगर महानगरपालिकाका जनस्वास्थ्य शाखाका प्रमुख रमेश कार्कीले कन्ट्याक्ट ट्रेसिङमा परेकामध्ये पनि छानेर उच्च जोखिममा रहनेहरुको मात्र परीक्षण गर्ने काम भइरहेको बताए । उनले पछिल्ला दिनहरुमा संक्रमितको संख्या बढेकोले जैन भवनको भीड पनि बढेको प्रतिक्रिया दिए ।

महानगरका स्वास्थ्य शाखाका कन्ट्याक्ट ट्रेसिङ सुपरभाइजर हैदर अलीले कतिपय संक्रमितहरु ३५-४० जनासँग निकट सम्पर्कमा पुगेको पाइएको र उनीहरु सबै परीक्षणको दायरामा आउनु पर्ने भएपनि स्रोत साधन र क्षमता अभावमा अहिले उच्च जोखिममा परेकाहरुको मात्र स्वाब संकलन गर्ने काम भइरहेको बताए । 'हामीले एक जना संक्रमित बराबर न्यूनतम १० जनासम्मको परीक्षण गर्ने सोच बनाएका छौं' उनले भने ,' पछिल्लो समय त्यो सम्भव भइरहेको छैन ।' उनका अनुसार दैनिक ५० जनाको हाराहारीमा संक्रमित भेटिन थालेको अवस्थामा १० जनाको दरले पनि ५० जनाको स्वाब लिनुपर्ने हुन्छ तर महानगरले २०० भन्दा कमको मात्र स्वाब संकलन गरिरहेको छ । बिहीबार विराटनगरमा ५९ जना नयाँ संक्रमित भेटिएका थिए । बुधबार ५० जना नयाँ संक्रमित पहिचान भएको थियो । त्यसअघि ५५ जना नयाँ संक्रमित फेला परेको थियो । संक्रमितहरुलाई आइसोलेसनमा पठाउने वा होम आइसोलेसनमा बस्ने सबै प्रवन्ध मिलाइसकेपछि केही दिनको अन्तरालमा कन्ट्याक्ट ट्रेसिङमा परेका व्यक्तिहरुलाई बोलाएर स्वाब संकलन गर्ने गरिएको छ । त्यसरी संकलन गरेको स्वाबमा अहिले करिव २० देखि ३० प्रतिशतको हाराहारीमा कोरोना संक्रमितहरुको पहिचान हुने गरेको छ ।पछिल्लो समय विराटनगरको वडा नम्बर ९ मा सबैभन्दा धेरै संक्रमित फेला परेका छन् । त्यस बाहेक वडा नम्बर ५, १२, ३ पनि प्रभावित देखिएको छ । विराटनगर महानगरपालिकाले दैनिक कम्तिमा ५ सय जनाको परीक्षण गर्न सकेको खण्डमा भाइरस फैलिने दर नियन्त्रणमा सहयोग पुग्ने अपेक्षा गरेको छ । प्रदेश १ मा दैनिक पहिचान भएका संक्रमितमध्ये करिव आधा संख्या विराटनगरकै देखिएका छन् । विराटनगर महानगरपालिकासँग सिमाना जोडिएको बुढीगंगा गाउँपालिकास्थित आरती स्ट्रिप्स उद्योगमा कार्यरत कर्मचारी तथा मजदुर गरी ५१ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । उनीहरुमध्ये कतिपय महानगर क्षेत्रमा डेरा बस्ने वा महानगरका बासिन्दा भएका कारणले पनि समुदायमा संक्रमण बिस्तार भएको र त्यसले महानगरमा कन्ट्याक्ट ट्रेसिङको चाप बढेको बताइएको छ ।

# कोटीहोममा ....

फूलको माग हुने गर्छ, यस वर्ष कोरोना कहरका कारण हामीले उत्पादन गरेको फूल नै पहिलो प्राथमिकतामा पर्छ भन्ने कुरामा हामी बिश्वस्त छौं ।" सयपत्री फूल खेतीका लागि ४ महिना खट्नसके राम्रो आम्दानी लिन सकिने उनीहरुको भनाइ छ । बीउ र भाडामा लिएको जग्गाको मूल्य जोड्दा वर्षमा १ लाख रुपैयाँसम्म खर्च हुने भट्टराईले जनाइन् । उनीहरुले कलकते लोकल जातको सयपत्री रोपेका छन् । झापाको मागलाई धान्न १५ विगाह क्षेत्रफलमा फूल खेती गर्न आवश्यक रहेको भट्टराईले जनाइन् ।

फूल खेतीमा ६ जना महिला अहोरात्र खटेका छन् । भट्टराईसँगै बिर्तामोडकै सुस्मा भण्डारी, नैनकला भट्टराई, यसोदा चापागाईं, सर्मिला अधिकारी र कञ्चना बरालको साझेदारी रहेको छ । उनीहरुले फूल रोप्ने समयमा २० देखि २५ जनालाई दैनिक ज्यालादारीमा रोजगारी दिने गरेका छन् । टिप्ने समयमा पनि केही कामदार आवश्यक पर्नें गर्छ । आफूले उत्पादन गरेको फूलले तिहारको समयमा बिर्तामोड बजारको मागलाई धान्न सक्ने नैनकला भट्टराई बताउँछिन् । विगतका वर्षमा उनीहरुले माला प्रतिगोटा ६० रुपैयाँका दरले बिक्री गरेका थिए । गड्यौला मलको प्रयोग गरेकाले फूल अर्गानिक हुने भट्टराईले सुनाइन् । चाडपर्वको समयमा बिर्तामोडमा बिक्री केन्द्र स्थापना गरेर फूल बेच्ने योजना उनीहरुले बनाएका छन् । उत्पादित फूलले बिर्तामोडको माग धान्नसक्ने उनीहरुको भनाइ छ ।

नेपाली बजारमा भारतको फूलले राम्रो पकड जमाउँदै आएको छ । नेपालमा व्यावसायिक फूल खेती गर्नेको संख्या कमै छ । तर, भारतमा भने अत्याधिक फूल उत्पादन हुने गर्दछ । जसका कारण भारतले तोकेको मूल्यमा नै फूल बिक्री गर्नु पर्ने बाध्यता रहेको फूल व्यवसायीको भनाइ छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग
( प्रशासन तथा प्रेस शाखा )

सूचना

मिति: २०७७ /०४/२६

विषय : सेवा प्रवाहमा कोटा निर्धारण गरिएको ।

प्रस्तुत विषयमा छापाखाना र प्रकाशन नियमावली २०४९ को नियम ९ १० र ११ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र जारी तथा नवीकरण कार्यको लागि प्रेस प्रतिनि (प्रमाणपत्र तथा परिचयपत्र वितराण) कार्यविधि, २०७१ को दफा ३३ बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र तथा परिचयपत्र जारी तथा नवीकरण गर्ने प्रयोजन समेतको लागि प्रत्येक सञ्चारगृहले यस विभागमा अनलाइन सेवा मार्फत २०७७ असार मसान्तभित्र बुझाएको श्रमजीवी पत्रकार तथा व्यवस्थापकको दरबन्दी विवरण बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र जारी तथा नवीकरणको कार्य र अनलाईन सञ्चारमाध्यम सञ्चालन निर्देशिका , २०७३ को दफा २ र ६ बमोजिम गरिने दर्ता र नवीकरणको कार्य २०७७ साल साउन १ गतेदेखि निरन्तर भइरहेकोमा पछिल्लो समय काठमान्डौ उपत्यकामा देखिएको कोभिड १९ को बढ्दो संक्रमणको कारण विभागमा हुने सेवाग्राहीको भीडभाडलाई व्यवस्थापन गर्दै सेवाग्राही र कर्मचारीमा हुन सक्ने सम्भावित संक्रमणको जोखिमलाई न्यून गर्दै मिति २०७७ /०४/२७ गते मंगलबारदेखि लागू हुनेगरी सेवा प्रवाह जारी राख्नका निमित्त तपसिल बमोजिमको विधि र कोटा निर्धारण गरी सेवा प्रवाह गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. विधि: सेवा लिने सेवाग्राहीले प्रत्येक दिन कार्यालय समय बिहान १० बजेदेखि ११ बजेसम्म फोन नम्बर ०१ -४११२७१७ मा अनिवार्य सम्पर्क गरी श्रमजीवी पत्रकारको नाम, काम र सम्बन्धित सञ्चारमाध्यमको नाम टिपाउनु पर्ने र फोन सम्पर्क नगरी आउने सेवाग्राहीलाई सेवा प्रवाह नहुने ।

२. दैनिक कोटा :

| क्र.सं. | सेवा | नयाँ जारी /दर्ता | नवीकरण |
|---|---|---|---|
| १ | अनलाईन सञ्चारमाध्यम | २ | १० |
| २ | प्रेस प्रतिनिधि प्रमाणपत्र / परिचयपत्र | १० | २० |
| ३ | स्वतन्त्र पत्रकारको | १ | २ |
| ४ | अध्यक्ष, प्रकाशक, प्रबन्ध निर्देशक | ५ | – |
| ५ | विदेशी सञ्चारमाध्यममा कार्यरत पत्रकारलाई प्रेस प्रतिनिधि प्रमाण पत्र जारी | १ | १ |
| ६ | विदेशी पत्रकारलाई भिसा सिफारिस | १ | १ |

वसन्त बहादुर खत्री
शाखा अधिकृत

बोधार्थ:
श्री सञ्चार तथा सुचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमान्डौ ।
श्री नेपाल पत्रकार महासंघ , केन्द्रीय कार्यालय , सञ्चारग्रम ।
श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति , सञ्चारग्राम ।
श्री सम्पादकज्यू, सबै सञ्चारमाध्यम ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

विवाह कार्ड
स्टाम्प साथै अन्य छपाई सम्बन्धी सम्पुर्ण काम गर्नु परेमा सम्झनुहोस्
न्यू के.के. प्रिन्टर्स
बिर्तामोड कृषिथोक बजार
९८५२६७९०२९, ९८०२६७९०२९
९८४२७८१०२९

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा
PALcreation
bhadrapur road, birtamode
023-590580, 9852671580

आवश्यकता
सेक्युरीटी गार्ड :
४० जना(महिला/पुरुष)
यहाँ नि:शुल्क सेक्युरिटी ट्रेनिङ्ग गराइन्छ ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा.लि. बिर्तामोड, भद्रपुर रोड
फोन: ०२३-५४३००३, ५४६६१४
९८०१४१६८४०, ९८०१४१६८४१,
९८५२६७३९५५

INDESIGN BTM
Think Creative
ADVERTISEMENT DESIGN
LOGO | POSTER
BOOK | COVER | BROCHURE
BIRTAMOD | 9807909546

3D BOARD
-2D Board
-Flex Print
-Sticker
Decoration
बिचित्र डिजाईन
दमक-८, पलेटी रेष्टुरेन्टसँगै
९८६२१७८११४, ९८१०१७१६१६

हरि ओम (UPVC) उद्योग
आवास, होटल, अस्पताल र विद्यालयका लागि अति उपयुक्त (UPVC) का झ्याल, ढोका पार्टेशन, रुफिङ, फल्स सिलिङ, स्टिल, रेलिङ लगायत सम्पूर्ण कामका लागि सधैं सम्झनुहोस ।
बिर्तामोड-१, झापा
०२३-५४२४६१/९८४२६९८५१४

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
९८०६०५८२०८

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१६०८८९५९

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१0

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

## राशिफल

**मेष** : अध्ययनमा त्यति समय दिन नसकिएला ।
**वृष** : स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ ।
**मिथुन** : भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ ।
**कर्कट** : श्रमको उच्च मूल्यांकन हुनेछ ।
**सिंह** : दाम प्रतिष्ठा कमाउने बेला छ , सामाजिक दायित्व बढ्नेछ ।
**कन्या** : प्रतिकूल परिस्थितिले चिन्ता बढाउन सक्छ ।
**तुला** : बाध्यात्मक परिस्थितिले इच्छाशक्ति कुण्ठित हुनेछ ।
**वृश्चिक** : छोटो समयमा फाइदा उठाउन सकिनेछ ।
**धनु** : भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ ।
**मकर** : पुरानो सम्झौता तोड्नुपर्ने हुन सक्छ ।
**कुम्भ** : थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ ।
**मीन** : पढाइलेखाइमा सोचेजस्तो प्रगति गर्न नसकिएला ।